

# अध्याय -९

# लोभलालचदेखि होशियार

मूल पदहरू: यशैया १४:१२-१४, एफिसी ५:५, यहोशू ७, यूहन्ना १२:१-८, प्रेरित ५:१-११ र १ कोरन्थी १०:१३।



***यस अध्यायको मूल सार पदः*** "उहाँले तिनीहरूलाई भन्नुभयो, "होशियार रहो, सबै किसिमका लालचबाट जोगिने काम गर, किनकि मानिसको जिन्दगी उसको धन-सम्पतिको प्रशस्ततामा रहँदैन।" लूका १२:१५।

लोभ गर्नु वा लालच गर्नु भनेको के हो त? यो आफूसँग नभएको धन सम्पत्ति र आफ्नो नभएको तर अरूहरूको धनसम्पत्ति वा उपलब्धीहरूको तिब्र चाहना गर्नु नै लोभ लालच को एउटा प्रमुख परिभाषा हो। आफूचाहीँ केही नगर्ने, आफ्नो शिप, काम गर्ने अवसरलाई गुमाएर बस्ने तर अरूहरूको उन्नतिमा लोभ गर्ने प्रवृत्ति पापको एउटा फल हो। परमेश्वरको सामु लोभलालच गर्नु भनेको महापाप हो, किनकि यसैभित्र झुठ बोल्ने, गद्दारी गर्ने, चोर्ने, हत्या गर्ने, छलकपट गर्ने, अरूसँग खेलबाड गर्ने जस्ता मानवीय दुर्गुणहरू समावेश भएको हुन्छ। आफ्नो महान् नैतिक नीति अर्थात् दश आज्ञामा यस सम्बन्धी चेतावनी दिनु भएको छ। यस स्वभावमा मानिस भएन भने मानिसहरूको जीवन सुखमय र संतुष्ट हुन्छ। त्यसकारण, प्रस्थान २०:१७मा उहाँले यसरी किटान गर्नुभएको छः "आफ्नो छिमेकीका घरको लालच नगर्नू। आफ्नो छिमेकीकी पत्नीको लालच नगर्नू, आफ्नो

छिमेकीको कमारा, कमारी, गोरु, गधा वा त्यसको कुनै पनि थोकको लालच नगर्नू।"

लोभलालचलाई बाइबलमा धेरै महापापमा गनिएको छ। यो यस्तो पाप हो जसले गर्दा मानिसहरू परमेश्वरको राज्य वा स्वर्गमा जान सक्दैन न त अहिले नै येशूले भन्नुभएको अनुसार स्वर्गको राज्यको अनुभूत गर्न सक्छ। पावल मार्फत प्रभुले यो चेतावनी हामीलाई दिनुभएको छः "अधर्मीहरू परमेश्वरका राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरूलाई थाहा छैन? धोका नखाओ– अनैतिकहरू, मूर्तिपूजकहरू, व्यभिचारीहरू, समलिङ्गीहरू, पुरुषगामीहरू, चोरहरू, **लोभीहरू**, मतवालाहरू, निन्दा गर्नेहरू, लुटाहाहरू परमेश्वरका राज्यको हकदार हुनेछैनन्। तिमीहरू कोही यस्तै थियौ, तर तिमीहरू धोइयौ, पवित्र पारियौ, प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयौ।" १ कोरिन्थी ६:९-११।

मूर्तिपूजा, व्यभिचार र जीउलाई मास्ने प्रवृत्तिको सगैं लोभ पनि राखिएकोमा हामीले के भन्ने? हामीले व्यभिचार नगरौंला, मूर्ति पूजा नगरौंला र शरीरलाई कामबासनामा नफसाऔँला तर लोभलालच गर्‍यौं भने हामी मूर्ति पुजा गरेको, व्यभिचारमा फसेको र कामबासनामा लिप्ट भएकै पङ्क्तिमा हुन्छौं यदि हामीमा लोभ गर्ने प्रवृत्ति भएमा। लोभ गर्नु कतिको खराब रहेछ भन्ने विषयको केही उदाहरणहरू यस अध्यायमा हेर्नेछौं साथै त्यसलाई हामीले कसरी सम्हाल्ने भनेर पनि हामी नियाल्नेछौं।

## १. लोभ गर्नु नै पापको सुरु हो त?

शान्त, सुखमय र तालमेलको बातावरण छाएको जगतमा पाप कसरी सुरु भयो भन्ने प्रश्न प्रायजसो सबैको दिमागमा चढिरहेकै हुन्छ। यसलाई हामीले पन्छाउन पनि त्यति सजिलो छैन। तर हामी बाइबलको विद्यार्थी भएकोले केही हदसम्म त्यसको जवाफ त छ। पापको मूल कारण नै लोभ हो भनेर हामीले देहायको पदबाट ठोकुवा गर्न सक्छौं।

**हेर्नुहोस् यशैया १४:१२-१४ले के भन्दछ? लुशिफरको पतनको बारेमा के जानकारी हामीलाई दिइएको छ? उसको पतनमा लोभले कस्तो निर्णायक भूमिका खेलेको थियो? हेर्नुहोस्, "ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस्! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी भूइँमा तल खसालिइस्। तैंले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु। परमेश्वरका**

**ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।"**

"लुशिफर आफ्नो उच्च ओहोदाप्रति संतुष्ट नहुने निर्णय गरेको थियो। स्वर्गका सार जीवले उसलाई सम्मान गरेकोमात्र उसलाई चित्त बुझ्न थालेको थिएन। सृष्टिकर्ताले पाउनुपर्ने श्रद्धा र सम्मान आफूले पनि पाउनुपर्ने भन्ने आँट उसले खोजेको थियो। आफ्नो स्नेह र बफादारितामा परमेश्वरलाई सर्वोच्च स्थानमा राख्नुको सट्टा अरूहरूले तिनीहरूको सेवा र बफादारिता आफूलाई नै सुम्पियोस् भन्ने प्रयास उसले गरेको थियो। सनातन परमेश्वर पिताले आफ्नो पुत्रलाई दिनुभएको महिमा र इज्जत आफ्नो पनि होस् भनेर लोभ गरेको कारण स्वर्गदूतहरूको राजकुमारले ख्रीष्टमामात्र भएको एकाधिकार वा विशेष अधिकार आफूले खोस्न दुष्प्रयास गरेको थियो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ३५बाट रूपान्तरित।

**पावलले लोभलालच कुन पापको बराबरीमा राखेका छन्, हेर्नुहोस्? "किनकि यो त तिमीहरू निश्चय नै जान, कि कुनै व्यभिचारी कि अशुद्ध मानिस अथवा लोभी मानिसलाई (जो मूर्तिपूजक हो) ख्रीष्ट र परमेश्वरको राज्यमा कुनै उत्तराधिकार छैन।" एफिसी ५:५, "यसकारण तिमीहरूमा जो सांसारिक स्वभावका कुराहरू छन् तिनलाई मारः व्यभिचार, अशुद्धता, कामुकता, खराब इच्छा र लोभ, जो मूर्तिपूजा हो। कलस्सी ३:५**

यो आश्चर्यजनक छ कि पावलले लोभलाई मूर्ति पूजाको बराबरीमा दुई पल्ट लेखेका छन्। मूर्तिपूजामा मानिसहरूले सृष्टिकर्ता परमेश्वरलाई भन्दा अरू कुनै थोकहरू वा आफूहरूले नै सृजना गरेका थोक, उपलब्धी वा सामग्रीहरूलाई भगवान भनेर पूजा वा सम्मान गर्छन् जुन सम्मान र श्रद्धा परमेश्वरले पाउनुपर्छ (रोमी १:२५)। हामीमा नहुनुपर्ने कुराको चाहना गर्नु पनि के लोभ गर्नु हो त र परमेश्वरको चाहनालाई भन्दा वा हाम्रो हृदयलाई उहाँमा केन्द्रित गर्नुभन्दा अरू कुराको तिब्र चाहना गर्नु भनेको मूर्तिपूजा होइन त?

आफ्नो गलत चाहना र लोभले आफूलाई कहाँतिर लैजान्छ भन्ने कुरालाई लुशिफरले दवाएको थिएन। यही कुरो हामीमा पनि हुनुपर्दछ। लोभको विरुद्धमा दिएको आज्ञाले हाम्रो सोचबिचारको सरासर भण्डाफोर गर्दछ। त्यही लोभको सोचमा पर्दा र त्यसलाई कार्यान्वयन गर्दा हामी अरू

सबै आज्ञाहरूलाई भङ्ग गर्छौं। दाउद र बेतशेबाको मामिलाले यो भनाइ पुष्टि गर्दछ। हेर्नुहोस्, २ शमूएल ११।

लोभलालचबाट सुरक्षित हुन पावलले हामीलाई के अर्ति दिन्छन् ? हेर्नुहोस्, "सन्तुष्टिसहितको भक्ति नै ठूलो लाभ हो। किनकि हामीले न त यस संसारमा केही ल्यायौं न यहाँबाट केही लैजान नै सक्छौं। तर खान र लाउनसम्म छ भने हामी त्यसैमा सन्तुष्ट हुनेछौं।" १ तिमोथी ६:६-८।

## २. शिविरमा भएको श्रापित थोक

इस्राएलको इतिहासमा यो एउटा ठूलो खुशीयालीको समय थियो भन्दा कसैले विवाद नगर्न सक्छ। मरुभूमिमा ४० वर्ष यात्रा गरेपछि इस्राएलीहरू आखिरमा यहोशूको नेतृत्वमा प्रतिज्ञा गरिएको देश पस्दै थिए। अचम्म तरिकाले तिनीहरू यर्दन नदी पार गरेका थिए। यो नदी बाढी आउने समय थियो तर नदीमा नै सुख्खा जमिनभएर इस्राएलीहरू पार गरेका थिए। यसरी बाढी आउने यर्दन नदीको धारलाई सुख्खा गरेर इस्राएलीहरू पार गरेको देख्दा कनान देशका परमेश्वरलाई विश्वास नगर्नेहरूका हृदयहरू थरथर कामेको हुनसक्छ। तिनीहरू युद्ध गर्न आँट पनि आएको थिएन (यहोशू ५:१)।

यदि यो सहर अत्यन्तै मजबुत किल्लाहरूले घेरिएको थियो। त्यसालाई जित्नु अत्यन्तै चुनौतिपूर्ण थियो। त्यहाँका जनहरूलाई कसरी जित्ने भनेर कसैलाई थाहा थिएन न त यहोशूलाई नै। यहोशूले प्रार्थना गरेपछि त्यसको जवाफमा परमेश्वरले उनलाई त्यो सहरलाई कसरी कब्जा गर्ने योजना दिनुभएको थियो। त्यही अनुसार तिनीहरूले त्यस सहरलाई कब्जा गरेका थिए। त्यो सहर लिए पछि इस्राएलीहरूले दुःखद परिस्थितिको सामना गर्नुपरेको थियो।

**अत्यन्तै उल्लखनीय र प्रभावकारी तरिकाले यरिहोमा बिजय प्राप्त गरेपछि के घट्ना भयो जुन कथाबाट हामी आफैले पनि अर्ति लिन सक्छौं? हेर्नुहोस् यहोशू ७: "१ तर नाशको निम्ति अर्पण गरिएका कुरामा इस्राएलीहरूले अपराध गरे, किनकि आकान, जो यहूदा कुलको जेरहको छोरो जब्दी, त्यसको छोरो कर्मीको छोरो थियो, नाशको निम्ति अर्पण गरिएका मालबाट केही कुरा लियो। त्यसकारण परमप्रभुको क्रोध इस्राएलीहरूमाथि दन्कियो। २ तब यहोशूले यरीहोबाट बेथेलको पूर्वपट्टि बेथ-आवनको नजिक ऐ सहरमा**

मानिसहरूलाई यसो भनेर पठाए, "तिमीहरू गएर त्यस देशको चेवा गर।" ती
मानिसहरू गएर ऐको भेद लिए। ३ अनि तिनीहरूले यहोशूकहाँ फर्केर आई
भने, "सबै जना नगए पनि हुन्छ, करीब दुई-तीन हजार मानिसहरू गएर ऐलाई
आक्रमण गरून्। सबै जनालाई त्यहाँ जाने दुःख नदिनुहोस्, किनकि त्यहाँकाहरू
थोरै मात्र छन्।" ४ यसैले तिनीहरूमध्ये करीब तीन हजार मानिसहरू गए, तर
तिनीहरूलाई ऐका मानिसहरूले परास्त गरे। ५ करीब छत्तीस जना जतिलाई
ऐका मानिसहरूले मारे, र उनीहरूले सहरको मूल ढोकादेखि शबारीमसम्म खेदेर
ओह्रालोमा तिनीहरूलाई मारे। अनि इस्राएलीहरूको हृदय डरले गलेर पानीजस्तै
भयो। ६ तब यहोशू र इस्राएलका धर्म-गुरुहरूले आफ्ना लुगा च्यातेर शिरमा
धूलो हाली परमप्रभुका सन्दूकको अगाड़ि भूइँमा घोप्टो परेर साँझसम्मै बसिरहे।
७ अनि यहोशूले भने, "हाय! परमप्रभु परमेश्वर, तपाईंले यस जातिलाई यर्दन
तारेर एमोरीहरूका पन्जामा हाली हामीलाई नाश गर्न किन ल्याउनुभयो? बरु
हामी सन्तोष गरेर यर्दन पारि नै रहनेथियौं। ८ हे परमप्रभु, इस्राएलीहरूले
आफ्ना शत्रुको सामु पीठ फर्काएपछि अब म के भनूँ? ९ किनकि कनानीहरू र
देशका सबै बासिन्दाहरूले यो सुनेर हामीलाई घेर्नेछन्, र पृथ्वीबाट हाम्रो नाउँ
मेटिदिनेछन्। त्यसपछि तपाईंको महान् नाउँको खातिरमा तपाईं के गर्नुहुन्छ?"
१० परमप्रभुले यहोशूलाई भन्नुभयो, "उठ्, तिमी किन यसरी घोप्टो पर्छौ? ११
इस्राएलले पाप गरेको छ। जुन करार मैले तिनीहरूसँग बाँधेको थिएँ, सो
तिनीहरूले भङ्ग गरेका छन्। नाशको निम्ति अर्पण गरिएका मालबाट तिनीहरूले
लिएका छन्। तिनीहरूले चोरी गरेका छन् र झूठो काम गरेर तिनीहरूले ती
तिनका आफ्नै मालतालसँग राखेका छन्। १२ यसैकारण इस्राएलीहरू आफ्ना
शत्रुको सामु अब खड़ा हुन सक्दैनन्। तिनीहरू श्रापित भएका हुनाले तिनीहरूले
आफ्ना शत्रुहरूका सामुन्ने पीठ फर्काउनेछन्। तिमीहरूले आफ्ना बीचबाट सो
नाशको निम्ति अलग गरिएका माललाई नष्ट नपारुञ्जेल म अब उप्रान्त
तिमीहरूसँग रहनेछैन। १३ "उठ्, मानिसहरूलाई शुद्ध पार, र तिनीहरूले
भोलिको निम्ति आफैलाई शुद्ध राखून् भन्, किनकि परमप्रभु इस्राएलका परमेश्वर
भन्नुहुन्छः 'हे इस्राएल, तिमीहरूका बीचमा कुनै अर्पित माल छ। तिमीहरूका
बीचबाट तिमीहरूले त्यो अर्पित माल नफ्याँकुञ्जेल तिमीहरूका शत्रुहरूका
सामुन्ने तिमीहरू खड़ा हुन सक्दैनौ। १४ " 'यसकारण बिहान तिमीहरू आफ्नो-
आफ्नो कुलअनुसार नजिकै आउनू र जुन कुललाई परमप्रभुले पक्रनुहुन्छ, त्यो
सन्तान-सन्तान गरी नजिक आओस्, र जुन सन्तानलाई परमप्रभु पक्रनुहुन्छ, सो

परिवार-परिवार गरी नजिक आओस्, र जुन परिवारलाई परमप्रभुले पक्रनुहुन्छ, त्यसबाट एक-एक मानिस गरी नजिक आओस्। १५ अनि जो मानिस अर्पित मालसमेत पक्राउ पर्छ, त्यो र त्यसको साथमा भएका जम्मै आगोमा जलाइनेछन्, किनभने त्यसले परमप्रभुको करार भङ्ग गरेको छ, र त्यसले इस्राएलमा घृणास्पद काम गरेको छ'।" १६ यहोशूले बिहान सबेरै उठेर इस्राएलीहरूलाई कुल-कुल गरेर नजिक ल्याए, र यहूदाको कुल पक्राउ पर्‍यो। १७ अनि तिनले यहूदाका सन्तान-सन्तान गरेर नजिक ल्याए, र जेरहको सन्तानलाई तिनले पक्रे। अनि तिनले जेरहका सन्तानका परिवार-परिवार गरी नजिक ल्याए, र जब्दीको परिवार पक्राउ पर्‍यो। १८ अनि तिनले त्यसको घरका मानिस-मानिस गरी नजिक ल्याए, र आकान, जो यहूदाका कुलका जेरहको छोरो जब्दी, त्यसको छोरो कर्मीको छोरो थियो, पक्राउ पर्‍यो। १९ तब यहोशूले आकानलाई भने, "हे मेरो छोरो, परमप्रभु इस्राएलका परमेश्वरलाई नै महिमा दे, र उहाँको सामु साबिती गरी तैंले के गरेको छस् सो मलाई भन्। मबाट त्यो कुरो नलुका।" २० आकानले यहोशूलाई भन्यो, "साँचो हो, मैले परमप्रभु इस्राएलका परमेश्वरको विरुद्धमा पाप गरेको छु, र मेरो अपराध यो हो। २१ जब मैले लूटेको धनमा बेबिलोनिया देशको एक बढ़िया ओढ्ने, दुई सय शेकेल ओजनको* चाँदी, र पचास शेकेल ओजनका* सुनको एक डण्डा देखें, तब मलाई लोभ लाग्यो, र ती लिएँ। ती मेरो पालको बीचमा जमिनभित्र गाड़िएका छन्, र सबैभन्दा मुनि चाँदी छ।" २२ तब यहोशूले दूतहरू पठाए, र तिनीहरू दगुरेर त्यस पालमा गए, र ती त्यसको पालमा गाड़िराखेका रहेछन् र चाँदीचाहिँ सबैभन्दा मुनि रहेछ। २३ अनि तिनीहरूले ती मालहरू पालको बीचबाट निकालेर यहोशू र सबै इस्राएलीहरूकहाँ ल्याए, र परमप्रभुको सामु राखिदिए। २४ तब सबै इस्राएलीहरूका साथमा यहोशूले जेरहवंशी आकानलाई र सो चाँदी, ओढ्ने, र सुनको डण्डा, अनि त्यसका छोराछोरीहरू, र त्यसका गोरुहरू, गधाहरू, र भेड़ाहरू र त्यसको पाल, र त्यससँग जो-जति थिए, ती सबैलाई आकोरको बेंसीमा लगे। २५ यहोशूले भने, "तैंले हामीमाथि किन यस्तो सङ्कष्ट ल्याइस्? आज तँमाथि परमप्रभुले सङ्कष्ट ल्याउनुहुनेछ।" तब सारा इस्राएलीहरूले त्यसलाई ढुङ्गाले हाने, अनि बाँकीलाई ढुङ्गाले हानिसकेपछि जलाइदिए। २६ तिनीहरूले आकानमाथि ढुङ्गाको ठूलो थुप्रो लगाए, जो आजको दिनसम्म छँदैछ। तब परमप्रभु आफ्ना जल्दो क्रोधदेखि शान्त हुनुभयो। यसकारण त्यस ठाउँको नाउँ आजको दिनसम्म आकोरको* बेंसी रहेको छ।"

जब आकानलाई केरकार गरियो तब आफूले असल कुराहरूप्रति लोभ देखाएको भनेर उसले स्वीकाऱ्यो। हिब्रू भाषामा प्रयोग गरिएको "लोभ" भन्ने शब्द chmd सएचएमडी हो। बाइबलमा केही ठाउँहरूमा यो शब्द सकारात्मक शैलीमा प्रयोग गरिएको छ। त्यही शब्दको जड दानिएल ९:२३मा उल्लेख गरिएको छ। यसमा गाब्रिएलले दानिएलाई परमेश्वरको अत्यन्तै प्रिय जन भनेर सम्बोधन गरेका थिए।

तर यस समयमा, त्यो सिएचएमडी शब्द खराब खवर थियो। आफूहरूले कब्जामा लिएका सहरहरूबाट केही नलिनु भन्ने स्पष्ट आदेशको बाबजुद पनि (यहोशू ६:१८,१९) आकान त्यसको बिपरित चलेको थियो। त्यसको फलस्वरूप सारा इस्राएल देश नै शर्ममा पारिएकोव थियो। ऐमा हार खाएपछि यहोशूलाई यो डर लागेको थियो, "किनकि कनानीहरू र देशका सबै बासिन्दाहरूले यो सुनेर हामीलाई घेर्नेछन्, र पृथ्वीबाट हाम्रो नाउँ मेटिदिनेछन्। त्यसपछि तपाईंको महान् नाउँको खातिरमा तपाईं के गर्नुहुन्छ?" यहोशू ७:९। स्पष्टरूपमा भन्ने हो भने ती महान् विजयहरूलाई परमेश्वरले आफ्नो शक्ति र उहाँका जनहरूप्रति आफूले कसरी काम गरिरहनुभएको थियो भनेर वरिपरिका देशहरूलाई उहाँले देखाउन चाहनुभएको थियो। तिनीहरूको विजयले अरू राष्ट्रहरूको सामु आफ्नो शक्तिको प्रदर्शन र उहाँको इज्जत यह्वेले साक्षीको रूपमा देखाउन चाहनुभएको थियो। तर ऐमा भएको बेइज्जतपूर्ण असफलताले गर्दा मानिसहरूको ज्यानमात्र गुमाइएन परमेश्वरको त्यो गवाही दिने चाहनालाई बज्रपात गरिएको थियो।

> बर्तमान परिप्रेक्ष्यमा आकानले आफ्नो काम ठिक नै थियो भनेर सजिलैसँग किन लिन सक्थ्यो ? *त्यस सहरमा भएको धेरै धनदौलतमा मैले लिएको त केही पनि होइन। कसैले थाहा पाउनेछैन। त्यसकारण त्यसबाट के हानी हुन्छ र ? फेरि मेरो परिवारलाई घरबनाउन पैसा पनि त चाहिन्छ नी?* यस खालको खतरापूर्ण सम्झौताबाट हामी कसरी जोगिने ?

## ३. यहूदाको हृदय

बाइबलमा भएको धेरै वियोगान्त कथाहरूमा यहूदी इस्करयोतीको कथा पनि हो। यस संसारको इतिहासमा उल्लेखनीय भूमिका खेल्नेमा यहूदा बाहेक अरू ११कोमात्रै थियो। उसले अरू चेलाहरूसँग मिलेर येशूसँगमा रहन र उहाँबाट नै अनन्त जीवनको आत्मज्ञान सिधै पाउने अवसर पाएको थियो। यहूदाले

पाएको अवसरले गर्दा कतिपय मानिसहरू अनन्त जीवन प्राप्त गर्न सकेका थिए तर उसले त्यो गुमाएर अनन्त बिनाशमा परेको थियो। यो कस्तो दुःखदायी घट्ना हो!

के भयो? त्यसको जवाफ केवल एउटै शब्दमा पाइन्छः त्यो हो लोभ जुन उसको हृदयका चाहनाहरू थिए।

**यूहन्ना १२:१-८ पढ्नुहोस्। मरियमले के गरिन् जसले गर्दा भोजमा सबैको आकर्षण त्यतातिर थियो? यहूदाको प्रतिक्रिया कस्तो थियो? किन? येशूको जवाफ कस्तो थियो? हेर्नुहोस्: "१ निस्तार-चाड़को छ दिनअघि येशू बेथानियामा आउनुभयो। त्यहाँ लाजरस बस्थे, जसलाई येशूले मृतकबाट जीवित पार्नुभएको थियो। २ तिनीहरूले उहाँको निम्ति त्यहाँ बेलुकीको भोजन तयार गरे। मार्थाले सेवा-टहल गर्थिन्, अनि लाजरसचाहिँ उहाँसँगै खान बस्नेहरूमध्ये एक जना थिए। ३ तब मरियमले आधा लिटर जति कीमती जटामसीको सुगन्धित अत्तर ल्याएर येशूका पाउमा मलिन्, अनि उहाँका पाउ आफ्ना केशले पुछिन्, र अत्तरको बास्नाले घर भरियो। ४ तर उहाँका चेलाहरूमध्ये एक जना, अर्थात् उहाँलाई पक्राउन खोज्ने यहूदा इस्करियोतले भन्यो, ५ "यो अत्तर तीन सय चाँदीका सिक्कामा बेचेर त्यो रकम गरीबहरूलाई दिए हुँदैनथ्यो?" ६ तर त्यसले गरीबहरूको ख्याल राखेर यो भनेको थिएन, किनकि त्यो चोर थियो, र पैसाको थैलो त्यसैले राख्थ्यो, अनि त्यहाँबाट चोर्ने गर्थ्यो। ७ येशूले भन्नुभयो, "यिनलाई केही नभन, मेरो दफन-दिनको लागि यिनलाई त्यो राखिछोड्न देऊ। ८ किनभने गरीबहरू सधैं तिमीहरूसँग हुन्छन्, तर म त सधैं तिमीहरूसँग हुन्नँ।"**

येशूले भद्र तरिकाले यहूदाको लोभलाई औंल्याउनुभएपछि उसले चित्त दुखाएर भोज नै छोडेर प्रधान पूजारीको दरवारमा ऊ सिधै गएको थियो। त्यहाँ येशूका शत्रुहरू जम्मा भएका थिए। मरियमले दिएको उपहारभन्दा कम पैसाले येशूमाथि गद्दारी गर्न यहूदाले सहमत भएको थियो (मत्ती २६:१४-१६)।

यहूदालाई के भयो? धेरै अचम्मको अवसरहरूमा यहूदा सामेल हुन पाएको थियो। त्यो अवसरहरू पनि धेरै दुर्लभ थियो। तर यहूदाको दिमागमा के चढ्यो जसले गर्दा घटिया भएर दुष्ट काम गर्न अग्रसर भयो? एलेन जी ह्वाइटको अनुसार यहूदाले "महान् गुरुलाई माया गर्दथ्यो, उहाँसँग रहन ऊ चाहन्थ्यो। आफ्नो चरित्र र जीवनलाई परिवर्तन गर्न उसले चाहेको थियो। येशूसँगको सम्पर्कमा रहेर आफू परिवर्तन होला भन्ने उसले आशा गरेको

थियो। मुक्तिदाताले यहूदालाई भन्डाफोर गर्नुभएन। बाऱ्ह जना चेलाहरूको बीचमा उसलाई पनि उहाँले ठाउँ दिनुभएको थियो। सुसमाचार प्रचारकको काममा पनि उहाँले उसलाई खटाउनुभएको थियो। बिरामीहरूलाई निको पार्ने र दुष्ट आत्माहरूलाई धपाउने अधिकार पनि उसलाई दिएको थियो। तर आफ्नो जीवन पूरै येशूमा समर्पित गर्ने बिन्दुमा यहूदा आउन सकेको थिएन।"- द डिजाएर अभ एजेज्, पृ. ७१६बाट रूपान्तरित।

खासमा भन्ने हो भने हामी सबैमा त्यस खालको खोट हाम्रो चरित्रमा छ। त्यस हामीले हाम्रो जीवन परमेश्वरमा अर्पण गऱ्यौं भने उहाँले हाम्रो जीवनमा परिचालन गर्नुहुने शक्तिले त्यस खोटलाई मेटाउन सकिन्छ। तर यहूदाले ख्रीष्टलाई आफ्नो जीवन भित्री हृदयदेखि अर्पण गरेको थिएन। ख्रीष्टको शक्तिले लोभ गर्ने पापलाई यहूदाले जित्न सक्थ्यो। तर लोभलाई नियन्त्रण गर्नुको सट्टा लोभले उसलाई नियन्त्रण गऱ्यो। त्यसको फलस्वरूप यहूदाको अन्त दुःखदतरिकाले भयो।

हाम्रो मनलाई केलायो भने हामीमध्ये को नहोला जसले एक पछि अर्को लोभको संघर्ष नगरेको? यहूदाले पैसाको लोभ गरेको थियो। लोभ नै उसको हृदयको समस्या थियो। त्यस लोभले उसलाई चोर्न उक्सायो (यूहन्ना १२:६)। आखिरमा उसले येशूलाई विश्वासघात गरेर ने छोड्यो।

लोभले ल्याउने डरलाग्दो पाठ यहूदाले हामी सबैलाई सिकाउँछ। हेर्दा सानो खालको, हृदयको चाहना, तर त्यसले अनन्त जीवन नै नाश हुनतिर अग्रसर गराएको थियो।

## ४. हननिया र सफीरा

सुरुमा चर्चको सदस्य हुनु अत्यन्तै मजाको समय थियो। पेन्टिकोस्टको समयमा पवित्र आत्मा खनिएपछि चेलाहरूमा ठूलो शक्ति आएको थियो र शक्तिसम्मन्न भएर तिनीहरूले जोशिलो पाराले सुमाचार प्रचार गरेका थिए र हजारौंको संख्यामा मानिसहरू चर्चमा समावेस भएका थिए।

"तिनीहरूले प्रार्थना गरिसकेपछि तिनीहरू भेला भएको ठाउँमा कम्प भयो, र तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र तिनीहरूले साहससित परमेश्वरको वचन बोले। विश्वास गर्नेहरूको समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए, र तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन-सम्पत्तिको

केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूका सबै थोक साझा थिए।" प्रेरित ४:३१-३२।

यस पृथ्वीमा भएको चर्चमा सहभागि हननिया र सफीराको अवसर थियो। चर्च बढेको र पवित्र आत्माको प्रकटले अचम्म कामहरू भएको थियो। "तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गाजमिन कि घरका मालिक थिए, तिनीहरूले ती बेचेर त्यसको मोल ल्याउँथे, र प्रेरितहरूका चरणमा राखिदिन्थे, र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँड़िदिन्थे।" प्रेरित ४:३४-३५।

यही परिवेशमा हननिया र सफीरा दम्पत्तिको कथा आउँछ। चर्चमा के भएको थियो त्यसप्रति प्रभावित भएर तिनीहरू पनि त्यसका सहभागी हुन चाहेका थिए। आफूसँग भएको केही जग्गाजमिन बेचेर चर्चलाई प्रदान गर्ने निधो तिनीहरूले गरेका थिए। त्यो असलै कुरो थियो।

**प्रेरित ५:१-११ पढ्नुहोस्। केही पैसा आफूसँग राखेर वा फटाहा कुरा गर्नु किन खराब थियो? त्यसको बदलीमा तिनीहरूले के कडा दण्ड भोगेका थिए? हेर्नुहोस्, "१ तर हननिया नाउँका कोही एक जना र तिनकी पत्नी सफीराले एक टुक्रा जमिन बेचे, २ र त्यसको मोलबाट तिनकी पत्नीकै जानकारीमा केही हिस्सा आफूसँग राखे, र केही हिस्सा ल्याएर प्रेरितहरूका चरणमा राखिदिए। ३ तर पत्रुसले भने, "ए हननिया, पवित्र आत्मासँग झूट बोल्ने र जमिनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो? ४ त्यो बिक्री नभइञ्जेल के त्यो तिम्रो आफ्नै थिएन? र त्यो बिक्री भएपछि पनि त्यो तिम्रै अधिकारमा थिएन र? यस्तो काम गर्ने विचार तिम्रो हृदयमा कसरी आयो? तिमीले मानिसहरूलाई त होइन, तर परमेश्वरलाई नै ढाँटेका छौ।" ५ यो कुरा सुनेर हननिया भूइँमा लड़े र तिनले प्राण त्यागे। यो सुन्नेहरू सबैमाथि ठूलो डर छायो। ६ तब जवानहरूले उठेर तिनलाई लुगाले बेह्रे र बाहिर बोकी लगे, र गाडिदिए। ७ जे भइसकेको थियो सो थाहा नपाई प्रायः तीन घण्टापछि तिनकी पत्नी पनि भित्र आई। ८ पत्रुसले त्यसलाई सोधे, "मलाई भन, तिमीहरूले जमिन त्यत्तिमै बेचेका हौ?" अनि त्यसले भनी, "ज्यू, त्यत्तिमै।" ९ तर पत्रुसले त्यसलाई भने, "तिमीहरूले प्रभुका आत्माको परीक्षा गर्न कसरी मिलेर मतो गऱ्यौ? हेर, तिम्रा पतिलाई गाड्नेहरू ढोकामै छन् र तिनीहरूले तिमीलाई बोकेर बाहिर लैजानेछन्।" १० अनि तुरुन्तै त्यो उनका पाउनेर लड़ी र प्राण त्याग गरी। जब जवानहरू भित्र आए, त्यसलाई मरिसकेकी**

**देखेर बाहिर बोकेर लगे, र त्यसको पतिको नजिकमा गाडिदिए। ११ सारा मण्डलीमाथि र यी कुरा सुन्ने सबैमाथि ठूलो डर छायो।" प्रेरित ५:१-११।**

परमेश्वरको काममा चन्दा दिने तिनीहरू सुरुको चाहना असलै थियो। तर, "पछि लोभमा परेर तिनीहरूले पवित्र आत्माको चित्त दुखाएका थिए। जग्गा बेचेको धेरै पैसा देखेपछि तिनीहरूले आफ्नो प्रतिज्ञाको पछुतो गर्न थाल्यो, त्यसको फलस्वरूप तिनीहरूमा भएको ख्रीष्टको काममा सघाउन ठूलो काम गर्ने प्रतिवद्धताले गर्दा हृदयहरूलाई न्यानो पारेको मिठो आशिषको प्रभाव गुमाएको थियो।"-एलेन जी ह्वाइट, *आक्टस् अभ द आपोस्टल्स,* पृ. ७२ बाट रूपान्तरित। अर्को शब्दहरूमा भन्ने हो भने सुरुमा तिनीहरू असलै नियतले काम गर्न चाहेका थिए, तर लोभले गर्दा तिनीहरू ढोंगी हुन पुगे। अरूहरूको अगाडि तिनीहरू धर्मात्मा र त्यागी देखाएतापनि भित्री हृदयमा तिनीहरू त्यो थिएन। त्यसको फलस्वरूप जब तिनीहरूको नियतको पर्दाफास भयो तब तिनीहरू हृदयघातले मृत्यु भए।

**"त्यसले गर्दा चर्चका सबै सदस्यहरूमा र त्यो सुन्नेहरूमा ठूलो डर भयो" (प्रेरित ५:११ रूपान्तरित)। त्यस घट्नापछि मानिसहरूले आफ्ना दशांस होशियारसाथ फिर्ता गरेको हुन्थ्यो होला। तर याद गर्नुहोस्, यो दुःखदायी विवरण बाइबलमा दशांसप्रति विश्वासिलो हुन चेतावनीको निम्ति लेखिएको होइन। बरु, लोभले गर्दा हाम्रो गति के हुनसक्नेरहेछ भनेर सिकाउन यो कथा बाइबलमा समावेश भएको हो।**

## ५. लोभलाई जित्न

लोभलालच भनेको घमण्ड गर्नु, स्वार्थीपना हुनु, आफ्नो भाऊ खोज्ने जस्तो प्रवृत्ति हुनु जस्तै हृदयको चलखेल हो। कतिपयले यो चर्तिकला देख्दैन न त आफैले पनि त्यसप्रति सजग भएको थाहा हुँदैन। त्यसैकारण त मानिसमा हुने त्यो दुर्गुण घातक र धोखापूर्ण छ। झुटो बोल्ने, व्यभिचार गर्ने, मूर्तिपूजा गर्ने, साबथ पालन नगर्ने जस्ता कतिपय पापहरूमाथि विजय पाउन गाऱ्हो भएकोबेलामा थाहै नपाउने गरि घुस्ने लोभमाथि विजय पाउन त झन गाऱ्हो हुनु स्वभाविक छ। ती पापहरू बाहिर देखाउने पापहरू हुन् त्यसको लागि पहिले हामीले सोच्नुपर्दछ। तर गलत सोचहरू जुन अचानक पनि आइपर्छ त्यसलाई नियन्त्रण गर्नु झन कति कठिन छ।

**१ कोरन्थी १०:१३ पढ्नुहोस्। यहाँ हामीलाई के प्रतिज्ञा दिएको छ? लोभको सन्दर्भमा त्यसलाई बुझ्न किन महत्त्वपूर्ण छ? हेर्नुहोस्, "मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ– यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ।" १ कोरिन्थी १०:१३।**

यो खतरापूर्ण छलि पापदेखि परमेश्वरको शक्तिद्वारा हामी कसरी सुरक्षित राख्ने?

१. परमेश्वरमाथि भरोसा राख्ने, उहाँको सेवा गर्ने र उहाँको परिवारको भागिदार हुने निर्णय गर्नुहोस्। यहोशूको प्रतिवद्धतालाई तपाईको पनि बनाउनुहोस्, "यदि परमप्रभुको सेवा गर्न तिमीहरूलाई मन पर्दैन भनेता तिमीहरूले कसको सेवा गर्ने आजै तिमीहरूले रोज– कि तिम्रा पिता-पुर्खाहरूले यूफ्रेटिस नदी पारि पुजेका देवताहरू कि तिमीहरू अहिले बसेको देशका एमोरीहरूका देवताहरू। तर म र मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछौं।" यहोशू २४:१५।
२. दिनदिनै प्रार्थना गर्नुहोस् र मत्ती ६:१३लाई प्रार्थनामा उल्लेख गर्न नभुल्नुहोस्, "हामीलाई परिक्षमा नडोऱ्याउनुहोस्, तर दुष्टबाट उद्धार गर्नुहोस्ः किनकि राज्य, र पराक्रम, र महिमा सदा सदाको निम्ति तपाईंकै हो।" जब तपाईंको दिमागमा लोभलालचको नियत भित्रिन्छ जुन तपाईंलाई थाहा छ यो हुनुहँदैन, तब त्यसको मामिलामा तपाईंले प्रार्थना गर्नुहोस्। १ कोरन्थी १०:१३ र बाइबलका अरू प्रतिज्ञाहरूलाई दावी गरेर त्यसमाथि विजय पाउन प्रार्थना गर्नुहोस्।
३. नियमित बाइबल अध्ययन गर्नुहोस्। "तपाईंको वचन मेरो हृदयमा सजाइराखेको छु ताकि मैले तपाईंको विरुद्धमा पाप नगरुँ" (भजन ११९:११ रूपान्तरित)।

मानिसमा आउने पापको समस्यालाई येशूले सामना गर्नुभएको थियो। हामी परिक्षित हुने सबै परिक्षा वा प्रलोभनहरूमा उहाँलाई पनि फसाउन खोजिएको थियो। त्यसको सामना गर्न येशूले प्रायजसो रातभर पितासँग प्रार्थना गर्नुभएको थियो। जबसम्म हाम्रो निम्ति उहाँ अनुसरणीय उदाहरण बन्नुभएन तब सम्म उहाँले यस पृथ्वीलाई छोड्नुभएको थिएन। उहाँको भावनामाप्रेरित भएर बस्ने र

उहाँको बाटोमा हिँड्ने प्रत्येक व्यक्तिलाई शक्तिसम्पन्न गराउनु प्रतिज्ञा उहाँले गर्नुभएको थियो। येशूको चरित्रमा निर्मित हुन, विश्वास र आज्ञा पालनमा उहाँले साथ दिनुहुनेछ भन्ने उहाँको व्यक्तिगत कबुललाई हामीले कहिल्यै पनि बिर्सनुहुन्न।

"जबसम्म परमप्रभुलाई पाउन सक्छौ उहाँलाई खोज। उहाँ नजिक हुनुहुँदा नै उहाँलाई भेट। दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ। हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई सित्तैंमा क्षमा गर्नुहुनेछ।" यशैया ५५:६-७।

**लोभमा परेर तपाईंले भोग्नु भएको नतिजाको उदाहरण केही छ? यसबाट तपाईंले के सिक्नुभयो? लोभहरूबाट जोगिन अझ तपाईंले के सिक्नुपर्दछ?**

**उपसंहार:**

**थप जानकारी:** यरिहोको बिजयमा आकानमात्र एक जना थिएन जसले इस्राएलीहरूको शिबिरमा सुन र चाँदीहरू बोकेर लगेको थियो। सबै सुन र चाँदीहरू परमेश्वरको पवित्रस्थानमा ल्याउन यहोशूले मानिसहरूलाई अऱ्हाएका थिए (यहोशू ६:१९,२४)। अरू सबै थोक जलाउनुपरेको थियो। आफ्नो लागि केही कुरो लुकाउनुमा आकानमात्र थियो।"लाखौँ इस्राएलीहरूको बिचमा केवल एक जनामात्र उल्लखेनीय र न्यायपूर्ण काममा विजयीको उल्लास हुनुपर्ने समयमा परमेश्वरको आज्ञा भङ्ग गर्न आँट गरेको थियो। शिनारको अत्यन्तै दामी पोशाकको लोभले आकानलाई आकर्षित गरेको थियो; मृत्युको मुखमा आफू पर्ने थाहा पाएपनि उसले भनेको थियो, "बेबिलोनी दामी वस्त्र।" एउटा पापले अर्को पापतिर उसलाई धकेलेको थियो। परमेश्वरको ढुकुटीमा समर्पित सुन र चाँदी आफूले लुकाएकोले उसले परमेश्वरसँगै लुटेको थियो। कनान देशको पहिलो फसललाई उसले चोरेको थियो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. ४९६ बाट रूपान्तरति।

अन्तिम युगका चिन्हरूको सूचीमा पहिला दुई थोकहरू समावेश भएको छ। यसले पैसा र हामीमा हुने सम्पत्तिको बारेमा ध्यान आकर्षण गर्दछ। "१ तर यो बुझिराख, कि आखिरी दिनहरूमा डरलाग्दा समयहरू आउनेछन्। २ किनभने मानिसहरू आफैलाई मात्र माया गर्ने, रुपियाँपैसाको मोह गर्ने, घमण्डी, हठी, अरूको बदनाम गर्ने, आमा-बुबाको आज्ञापालन नगर्ने, बैगुनी र अपवित्र, ३ स्वाभाविक प्रेमरहितका, खुशी पार्न नसकिने, अरूको बदख्वाइँ गर्ने, दुराचारी, क्रूर, असल कुरालाई घृणा गर्ने, ४ विश्वासघाती, उत्ताउला, अहङ्कारले फुलेका, परमेश्वरलाई भन्दा सुख-विलासलाई प्रेम गर्ने, ५ भक्तिको भेषचाहिँ लिने, तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन्। यस्ता मानिसहरूबाट अलग्ग बस।" २ तिमोथी ३:१-५। स्वार्थी हुने र पैसाको मायामा भुल्ने मानवी संस्कार आजको विश्वमा पनि उल्लखेनीय भइरहेको कसलाई थाहा नहोला?

**चिन्तनमनन:**

अ. १ तिमोथी ६:६-१० पढ्नुहोस्, "६ सन्तुष्टिसहितको भक्ति नै ठूलो लाभ हो। ७ किनकि हामीले न त यस संसारमा केही ल्यायौं न यहाँबाट केही लैजान नै सक्छौं। ८ तर खान र लाउनसम्म छ भने हामी त्यसैमा सन्तुष्ट हुनेछौं। ९ तर धनी हुने इच्छा गर्नेहरू परीक्षामा पर्छन्, पासोमा फस्छन् र धेरै अर्थहीन र दुःखदायी इच्छाहरूमा डुब्छन्, जसले मानिसहरूलाई बरबादी र सर्वनाशमा डुबाउँछन्। १० किनभने रुपियाँपैसाको मोह नै सबै किसिमका खराबीको जड़ हो। पैसाको लोभमा परेर कोही-कोही विश्वासबाट कुमार्गीतिर लागेका छन्, र धेरै पीडाले तिनीहरूका हृदय घोचेका छन्।" पावलको उपर्युक्त तत्वहरूलाई पुष्टि गर्न धेरै उदाहरणहरू छन्, छैन त? हामीलाई पैसा त चाहिन्छ तर पावलले चेतावनी दिएको अनुसार रुपैयाँ पैसाको लोभको जालोमा फस्नबाट हामी कसरी उम्किने वा पैसा पनि चाहिन्छ तर त्यसबाट पनि जोगिनुपर्छ रे, यस कुरालाई हामीले कसरी संतुलनमा राख्ने?

आ. पैसा बाहेक अरू थोकहरू के छन् जसको लोभमा हामी फस्न सक्छौं?

इ. उचित चाहना र लोभको बीचमा के भिन्नता छ? फेरि हामीले चाहना गरेको उचितै भएतापनि त्यो पनि लोभमा कसरी परिणत हुनसक्छ?

## कथा ९

## सुरो भएर येशूको बारेमा सुनाउनु



इस्टर आइतबारको दिन थियो। अवकास प्राप्त पास्टर सिमो भेहकाभुओरी फिनलाण्डको राजधानी हेलसिन्किमा खचाखच भरिएको रेलमा उभिन्दै यात्रा गरेर घर फर्किन्दै थिए। उनी फिनलान्डको मध्य भागमा सार्वजनिक सुसमाचारीय कार्यक्रममा भाग लिएर फर्किन्दै थिए। त्यसबेला विश्वविद्यालयको एक जना २४ वर्षको विद्यार्थी रेलमा चढ्यो र बस्ने ठाउँ खोज्दै थिइन्। "रेल खचाखच भरितापनि अर्को डिब्बामा गएर आफ्नो लागि खालि ठाउँ खोजेर किन नबस्ने?" सिमोले उनलाई भने।

उनी हाँस्दै फर्केर आएर भनिन्, "मैले दुई वटा बस्ने ठाउँ पाएँ। एउटा मेरो लागि, अर्को तपाईंको लागि। मसँग आउनुहोस्!" उनले सिमोलाई अनुरोध गरिन्। तिनीहरू एक आर्काको आमनेसामने बसे।

"नानी, आस्थाको बारेमा तिमीलाई कस्तो धारणा छ, बताउन सक्छ्यौ?' सिमोले सोधे।

***"आत्मिक कुरामा मलाई धेरै चासो छैन," उनले भनिन्।***

"मैले येशूलाई कसरी विश्वास गर्न पुगें, त्यसको कथा तिमी सुन्न चाहन्छौ?" सिमोले सोध्यो। उनले हुन्छ भन्यो, अनि सिमोले आफूले येशूलाई कसरी विश्वास गर्न पुग्यो भनेर बाटोभरि बताए। जब रेल राजधानीतिर नजिक आउँदै थियो तब सिमोले उनलाई सोधे, "के तिम्रो लागि मैरो प्रार्थनामा तिमीलाई सम्झेको चाहन्छौ?" त्यस विद्यार्थी आँखाभरि आँसु झारेर भनिन् र ठूलो स्वरले भनिन्, "हुन्छ, कृपया मेरो लागि प्रार्थना गरिदिनुहोस्। त्यो मेरो लागि असल हुनेछ।"

तिनीहरू छुटिनुभन्दा पहिले सिमोले नयाँ साथीहरूलाई बताउने कुरो बताएः "तिमी धेरै व्यस्त भएतापनि तिम्रो निम्ति क्रूसमा मर्नुभएको तर पुनरुत्थान हुनुभएको येशू ख्रीष्टलाई तिमी सेवा गर्न सक्छौ। त्यही येशू फर्केर आउनुहुनेछ र उहाँले हामीलाई स्वर्गको अनन्तको घरमा लानुहुनेछ। त्यहाँ नयाँ जीवन सुरु हुनेछ। त्यसकारण प्रिय बहिनी परमेश्वर पिताको प्रिय हातमुनि

रहेर हामी सँगसँगै यात्रा गरौं। हामी पुग्नुपर्ने गन्तव्य स्थानमा पुग्नेछौं। परमेश्वरको अनुग्रहले तिमीलाई आशिष दिउन्।"

अर्को रेलको यात्रामा एक जना महिलाले उनको हात लिएर उनलाई अभिभादन गरेकोले सिमो अचम्भित भए। "नमस्तै, म अवकास पाएको सेभेन्थ-डे पास्टर हुँ," उनले भन्यो। "यो त रोचक छ। मैले एडभेन्टिस्टको बारेमा कहिल्यै सुनको छैन। यस ५०० किलोमिटर वा ३०० माइलको यात्रामा मलाई तपाँको चर्चको बारेमा सबै सुनाउनुहोस्। यहाँ दुईवटा खाली बस्ने ठाउँ छ। हामी सँगै बसौं," उनले बताइन्। बाटोभरि सिमोले एडभेन्टिस्ट चर्चको बारे सुनाए। जब तिनीहरू रेलबाट झरेर हिंड्दै थिए तब एक जना मानिस पछाडिबाट आएर भन्यो, "रोचक रेल यात्राको लागि तपाईंलाई धन्यवाद छ।" उसले आफ्नो दुवै हातले सिमोनको हात समातेर भन्यो, "तपाईं ठूलो स्वरले परमेश्वरको बारेमा भन्नुभएकोले तपाईंलाई धन्यवाद छ। हामी सबैले सुन्न सक्यौं।"

प्रत्येक पल्टको रेल यात्रामा ८४ वर्षको सिमोले परमेश्वरको बारेमा सुनाउने अवसरको निम्ति उहाँसँग प्रार्थना गर्छन्। "जति जति म बुढो भएँ, त्यति त्यति येशूको बारेमा सुनाउन म सुरो भएको छु," उनले बताउँदछन्।

- आन्ड्र्यु मेकचेस्नी